प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

फोन:०५७-५२४८३५
०५७-५२४८३६
फ्याक्स: ०५७-५२४८३६
इमेल: p3mosd@gmail.com

प.सं. :
च.नं. :

मिति: २०७६/१२/१८

## सबै प्रकारका स्वास्थ्य सेवा सुचारु गर्ने बारेमा सार्वजनिक सूचना।

COVID-19 ले विश्वव्यापी महामारीको रूपमा लिइरहेको र नेपाल समेत उच्च जोखिम मुलुकको रूपमा रहेको वर्तमान परिस्थितिमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह मातहत रहेका स्वास्थ्य संस्थाहरु यसको रोकथाम, नियन्त्रण, उपचार लगायतको व्यवस्थापन कार्यमा शुरु देखि नै क्रियाशील रहिरहेका छन्। नेपालमा निजी, सहकारी, सामुदायिक लगायत गैर सरकारी क्षेत्रमा क्रियाशील स्वास्थ्य संस्थाहरुले विगत देखि नै स्वास्थ्य सेवाको पहुँच पुऱ्याउन सरकारलाई सहयोग पुऱ्याउदै आईरहेका छन्। नेपाल सरकारले दिगो विकास लक्ष्य र स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्न स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी र सहभागितालाई प्रवर्द्धन गरेको सर्वविदितै छ। COVID-19को विश्वव्यापी महामारी भएको र नेपाल समेत उच्च जोखिम मुलुकको रुपमा रहेको वर्तमान सन्दर्भमा निजी स्वास्थ्य संस्थाहरुवाट जिम्मेवार ढंगबाट नागरिकलाई स्वास्थ्य सेवा दिनुपर्ने समयमा ज्वरोका विरामी साथै COVID-19 संग मिल्दो लक्षण र चिन्ह लिएर आउने विरामीलाई सेवा नदिई फर्काउने र प्रारम्भिक जाँच समेत नगरी सरकारी स्वास्थ्य संस्थामा प्रेषण गर्ने जस्ता संविधान विपरितका कार्यहरु भईरहेको भन्ने सामाजिक सञ्जाल र केही सञ्चार माध्यमबाट समेत सार्वजनिक भएको सन्दर्भमा यस सामाजिक विकास मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ, भने कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भनि व्यवस्था भएको हुँदा बागमती प्रदेश सामाजिक विकास मन्त्रालय COVID-19 को रोकथाम, नियन्त्रण र उपचार लगायतका सबै प्रकारका स्वास्थ्य सेवा प्रवाहमा सवै क्षेत्रका स्वास्थ्य संस्थाहरूबाट आवश्यक सहयोग र सहकार्य एवम् प्रभावकारी समन्वयको अपेक्षा समेत गर्दछ। यस विषम परीस्थितिमा यस बागमती प्रदेशमा सञ्चालित निजी, सहकारी, सामुदायिक तथा गैर सरकारी क्षेत्रमा क्रियाशील अस्पतालहरुले COVID-19 लगायत सबै प्रकारका स्वास्थ्य सेवाहरु (स्वीकृत शैया क्षमता बमोजिम Isolation ward तथा ICU कक्ष सहितको व्यवस्था समेत गरी) नियमित तथा प्रभावकारी रूपमा सञ्चालन गर्नु गराउनुहुन बागमती प्रदेश सामाजिक विकास मन्त्रालय हार्दिक अपिल गर्दछ। स्वास्थ्य सेवा प्रवाहमा उपरोक्त अनुसार कार्य नगरेको पाइएमा प्रचलित कानून वमोजिम कडा कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ ।

.......................

दिपेन्द्र सुवेदी
प्रवक्ता